नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र
बाढी पूर्वानुमान महाशाखा

प्रेस विज्ञप्ति

(मितिः २०८३/०५/११)

२०८३ भदौ १० गते बिहान रसुवा जिल्लास्थित भोटेकोशी नदीमा नेपाल-चीन रसुवागढी सिमाबाट उच्च गति, बहाब र गेग्रान सहितको बाढी प्रवेश गरेको सूचना प्राप्त भएपछि बाढी पूर्वानुमान महाशाखाले उपलब्ध जलसतह, प्राप्त प्रत्यक्ष सूचना तथा बाढीको प्रबाह समय (Travel Time) का आधारमा घटनाको निरन्तर वास्तविक-समय (Real Time) अनुगमन, विश्लेषण, सूचना प्रबाह तथा पूर्वसूचना संप्रेषण सम्बन्धि कार्यहरु गर्दै आइरहेको छ। भदौ १० गते बिहान ०९:१५ बजेदेखि रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनका नदी तटीय तथा जोखिमयुक्त क्षेत्रका नागरिकलाई उच्च सतर्कता अपनाउन पूर्वसूचना जारी गरिएको तथा नेपाल टेलिकम र एनसेलमार्फत ६ लाख ७९ हजार २९५ SMS प्रवाह गरी भोटेकोसी तथा त्रिशूली नदीको तटीय क्षेत्र, टिमुरे, स्याप्रुवेसी, वेत्रावती, त्रिशुली, गल्छि, मलेखु, मुग्लिन, नारायणघाट तथा आसपासका बस्तीका नागरिकलाई चरणबद्ध रूपमा सुरक्षित स्थानमा जान अनुरोध गरिएको थियो। बाढीको बहाव क्रमशः भोटेकोशी-त्रिशूली हुँदै मलेखु, मुग्लिन पार गरी नारायणी-देवघाट क्षेत्रमा पुगेको देखिएको छ।

खानी तथा भूगर्भ विभागबाट प्राप्त सुचना अनुसार विहान ८:२० बजे रसुवागढी सिमा क्षेत्र आसपास २.६ रेक्टर स्केलको साथै विहान ८:३७ बजे सोही स्थान आसपास ४.४ रेक्टर स्केलको भूकम्प मापन भएको थियो। यसैगरी भोटेकोशी रसुवागढी स्वचालित जलमापन केन्द्र (सिमाबाट १ कि.मि. तल) बाट विहान ८:४० मा प्राप्त अन्तिम जलसतह १.६२ मिटर (सतर्कता तहः ६ मि., खतरा तहः ७ मि.) रहेकोमा तत् पश्चात अर्को तथ्याङ्क संप्रेषण हुनु अगावै केन्द्र बगाएको देखिन्छ। सिमा देखि ९ किमि तल स्याप्रुवेसी स्वचालित जलमापन केन्द्रबाट विहान ८:५० मा अन्तिम पटक ३.८ मि. (सतर्कता तहः ५.५ मि.) जलसतह मापन भएको र तत् पश्चात उक्त केन्द्र बगाएको देखिन्छ। यसैगरि नेपाल-चीन सिमा देखि ३६ कि.मि. तल नुवाकोट स्थित वेत्रावतीमा रहेको स्वचालित जलमापन केन्द्रले ९:२० बजे अन्तिम पटक ३.५५ मि. (सतर्कता तहः ४.१ मि., खतरा तहः ५.५ मि.) जलसतह संप्रेषण गरेको देखिन्छ।

जलमापन तथ्याङ्क अनुसार फुर्के (मलेखु) जलमापन केन्द्रमा विहान ११:२० बजे जलसतह सतर्कता तह (७ मि.) र ११:४० बजे खतरा तह (८ मि.) पार गर्दै उच्चतम १०.४८ मि. पुगि केन्द्र बगाएको थियो। यसैगरि कालीखोला (मुग्लिन नजिक) जलमापन केन्द्रमा बाढीले दिनको १४:१४ बजे खतरा तह (१२.१ मि.) पार गरी उच्चतम १२.३५ मिटर जलसतह मापन भएको थियो। देवघाट जलमापन केन्द्रमा १५:२० बजे बाढी पुगेको र १६:०० बजे जलसतह ६.५७ मिटर उच्चतम विन्दुमा पुगेपछि घट्न थालेको थियो।

२०८३।०५।११

उपकार्यकारी निर्देशक

नेपाल सरकार
जल तथा ऊर्जा आयोगको सचिवालय
जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र
बाढी पूर्वानुमान महाशाखा

देवघाटमा मापन भएको बहाव विश्लेषण गर्दा १४:१० देखि १८:०० बजेसम्म आधार बहाव भन्दा अतिरिक्त बाढीजन्य पानीको आयतन करिब २करोड घनमिटर रहेको प्रारम्भिक आंकलन गरिएको छ।

विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्था बाट प्राप्त भू-उपग्रहहरुका तस्विर तथा तथ्याङ्कहरुको प्रारम्भिक विश्लेषण गर्दा सिमा क्षेत्र नजिक (N 28^0 16' 50'', E 85^0 32' 15.45'') हिमपहिरो (Snow Avalanche) गई सो बाट अति उच्च आकस्मिक बहाब आएको देखिन्छ। हाल यस महाशाखाबाट उक्त क्षेत्रमा रहेका हिमताल, हिमनदी तथा समग्र हिम क्षेत्रको सुक्ष्म अध्ययन कार्य भइरहेको छ।

२०८३ भदौ १० गतेको भोटेकोसी बाढी घटनामा परी दुःखद निधन हुनुभएका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

हाल प्रमुख जलमापन केन्द्रबाट प्राप्त तथ्याङ्कको निरन्तर अनुगमन तथा तल्लो तटीय क्षेत्रमा बाढीको प्रभावको मूल्याङ्कन भइरहेको छ। नदी किनार, तल्लो भूभाग तथा सम्भावित डुबान क्षेत्रमा रहेका नागरिकलाई अर्को सूचना जारी नभएसम्म उच्च सतर्कता अपनाई सुरक्षित तथा अग्लो स्थानमा रहन, नदी आसपास अनावश्यक आवतजावत नगर्न तथा यस महाशाखाबाट जारी हुने सूचना र निर्देशनको पालना गर्न बाढी पूर्वानुमान महाशाखा अनुरोध गर्दछ।

२०८३।०५।१९

डा. राजन भट्टराई
(उप-कार्यकारी निर्देशक)
प्रवक्ता

उपकार्यकारी निर्देशक